# भुम्लु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८२।०८३

चलानी नं.: १५०८

मिति : २०८३।०२।०७

**श्री सामुदायिक एवम् संस्थागत विद्यालय सबै,**

**भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक।**

**विषय : निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा नेपाल राजपत्रमा मिति २०८२ चैत्र २२ गते प्रकाशित सूचना, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ६७, मिति २०८२।१२।२६ गतेको निर्णय कार्यान्वयन सम्बन्धि विषयको पत्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ८७, मिति २०८३।०१।२९ गतेको निर्णय कार्यान्वयन सम्बन्धि विषयको पत्र तथा यस **भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३ जेष्ठ ०७ गतेको निर्णय अनुसार** परिवर्तीत परिपत्र अनुसार विद्यालय सञ्चालन गर्दा तोकिएको सिकाई उपलब्धि पुरा हुने देखिएको हुँदा सम्पूर्ण शैक्षिक संस्थाहरुमा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक विदा हुने र अर्को निर्णय भई आएमा सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ, साथै स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्यघण्टालाई तपसिल बमोजिम मिलाई कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

1. सोमबार देखि शुक्रबारसम्म प्रत्येक दिन शिक्षक कर्मचारी विहान ९:३० भित्र विद्यालयमा अनिवार्य रुपमा उपस्थित हुने,
2. ९:४५ देखि १० बजे सम्म विहानी प्राथना सभा सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने,
3. प्रत्येक दिन खाजा समय ३० मिनेट कायम गरी नेपाल सरकारले निर्धारण गरेको कक्षा ५ सम्मका लागि २० रुपैंयामा गाउँपालिकाबाट थप भएको रु ५ गरी रु २५ र कक्षा ६ देखि १२ सम्म गाउँपालिकाले उपलब्ध गराएको रु २५ को तोकिए बमोजिमको दैनिक खाजा मेनु तयार गरी गुणस्तरीय दिवा खाजा व्यवस्थापन गर्ने/गराउने,
4. विहान १०:०० बजे देखि ०४:०० बजेसम्म नियमित कक्षा सञ्चालन गर्ने/गराउने,
5. विद्यार्थीको सिकाई उपलब्धि सुधारका लागि विहान ९ बजेदेखि १० बजेसम्म एवम् दिनको ४ देखि ५ बजेसम्म आवश्यक विषय, विद्यार्थी एवम् कक्षा पहिचान गरी अनिवार्य रुपमा सिकाई उपलब्धि सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने/गराउने,
6. हिउँदे/वर्षे विदा तोकिए बमोजिमको मितिमा ३० दिन कायम गर्ने/गराउने,
7. त्रैमासिक आन्तरिक परीक्षा दैनिक पठनपाठनमा असर नपर्ने गरी तोकिएको मितिमा दिनको १ बजेपछि सञ्चालन गर्ने र सो दिनको विद्यालय समय १० बजेदेखि १ बजेसम्म नियमित रुपमा दैनिक पठन पाठन सम्बन्धि क्रियाकलाप सञ्चालन गर्ने/गराउने र वार्षिक परीक्षा शैक्षिक सत्रको अन्तिम हप्तामा सञ्चालन गर्ने,
8. अन्य थप निर्देशनका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको परिपत्र अनुसार गर्ने/गराउने,

२०८३/०२/०८

कृष्ण बहादुर खत्री

प्रमुख प्रशासकीय अधिकृत

"सचेत र समृद्ध भुम्लुःहाम्रो गन्तव्य"

E-mail: info@bhumlumun.gov.np, cad.bhumlumun@gmail.com

Website: www.bhumlumun.gov.np